# प्रेस विज्ञप्ति- ३६३

# Press Release- 363

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं
मिति: २०८१।०५।०९ गते।

## लागु औषध कोकिन १ किलो ८८ ग्राम सहित १ जना विदेशी नागरिक पक्राउ

लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले निरन्तर निग्रानी गर्दै जाने क्रममा अवैध लागु औषध कोकिनको कारोबारमा संलग्न अन्तराष्ट्रिय गिरोहका विदेशी नागरिकलाई लागु औषध कोकिन सहित पक्राउ गरिएको छ।

मिति २०८१।०५।०३ गते Quatar Airway को उडान द्वारा नेपाल आएका IVORY COAST का नागरिक बर्ष ३५ को VAMARA KONE लाई कोकिनका ६९ वटा क्याप्सुल सहित जिल्ला काठमाण्डौ का.म.न.पा. २६ ठमेल ज्याठा स्थित एक होटेलबाट पक्राउ गरिएको छ। उक्त कोकिनका क्याप्सुलहरु निजले खेलौना भित्र लुकाउ छिपाउ गरी राखिएको अवस्थामा बरामद गरिएको हो। निजसंग बरामद क्याप्सुलहरुबाट जम्मा **लागु औषध कोकिन १ किलो ८८ ग्राम** बरामद गरिएको छ।

निज VAMARA KONE ले उक्त क्याप्सुलहरु नाईजेरियाबाट निलेर (Swallow) ईथोपियाबाट दोहा हुँदै काठमाण्डौ आएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

साथै निज उपर लागु औषध नियन्त्रण ऐन, २०३३ वमोजिम आवश्यक कारवाही भईरहेको जानकारीका लागि अनुरोध।

***नोट:- बरामद गरिएको लागु औषध कोकिनको अवैध बजार मुल्य अन्दाजी रु. ३ करोड ८० लाख हुन आउँछ।***




**सह-प्रवक्ता / सूचना अधिकारी**
(प्रेम बहादुर शाही)
प्रहरी नायव उपरीक्षक
सम्पर्क नम्वर : : ९८५१२८१४५१